# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रससग्राम, चितवन
बागमती प्रदेश, नेपाल


प.सं.२०८२/०८३ मिति:२०८३/०२/०८

च.नं. २०६२

श्री विषयगत समिति सबै,
श्री वडा कार्यालयहरु (१-११) सबै,
श्री शाखा/उपशाखा/इकाइहरु सबै,
कालिका नगरपालिका, चितवन।

**विषय:- राजश्वको दर तथा दायरा उपलब्ध गराउने सम्बन्धमा।**

प्रस्तुत विषयमा यस कालिका नगरपालिकाको आगामी आ.व.२०८३/८४ को लागि आर्थिक ऐन, २०८३ को मस्यौदा तयारी कार्यको सुरुवात भई सकेको बेहोरा सम्बन्धीत सबैमा जानकारी गराउदै, आ.व.२०८३/८४ को लागि कालिका नगरपालिकाले असुल गर्नुपर्ने राजश्व कर, शुल्क, सेवा दस्तुरलाई बैज्ञानिक, समयसापेक्ष, यथार्थपरक तथा जनचाहाना अनुरुप बनाउनका लागि समावेश गर्नुपर्ने आवश्यक विषय, सल्लाह सुझाव, राय तथा कालिका नगरपालिकाले जारी गरेको ऐन, नियमावली, कार्यविधि, निर्देशिका बमोजिम सेवाग्राहीसंग कुनै कर, राजश्व ,शुल्क तथा सेवा दस्तुर लिनुपर्ने व्यवस्था भए आर्थिक ऐनमा उल्लेख गर्नका लागि उक्त कानूनको प्रतिलिपी सहित राजश्वको दर तथा दायराहरु माग गर्ने राजश्व परामर्श समितिको मिति २०८३/०२/०८ गतेको निर्णय भएकाले मिति २०८३/०२/१४ गतेभित्र राजश्वको दर तथा दायरा राजश्व उपशाखामा प्राप्त हुने गरि उपलब्ध गराइदिनुहुन अनुरोध छ।

२०८३/०२/०८

ऋषि प्रसाद कडुवाल
(वरिष्ठ लेखा अधिकृत)

# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

प.सं.२०८२/०८३ मितिः२०८३/०२/०८

च.नं.

**कालिका नगरपालिकाले असुल गर्ने राजश्व सम्बन्धी राय/ सुझाब उपलब्ध गराइदिने सम्बन्धी सूचना।**

( प्रकाशित मितिः२०८३/०२/०८)

यस कालिका नगरपालिकाको आगामी आ.व.२०८३/८४ को लागि आर्थिक ऐन, २०८३ को मस्यौदा तयारी कार्यको सुरुवात भई सकेको बेहोरा सम्बन्धीत सबैमा जानकारी गराउदै, आ.व.२०८३/८४ को लागि कालिका नगरपालिकाले असुल गर्ने राजश्व कर, शुल्क, सेवा दस्तुरलाई बैज्ञानिक, समयसापेक्ष, यथार्थपरक तथा जनचाहाना अनुरुप बनाउनका लागि समावेश गर्नुपर्ने आवश्यक विषयमा आफ्ना अमुल्यसुझाव, सल्लाह र रायहरु मिति २०८३/०२/१४ गतेभित्र **rajaswa.kalika@gmail.com** वा मोबाइल नं. ९८५५०१३९४४, ९८५५०६७३१२ वा राजश्व उपशाखामा उपलब्ध गराइदिनुहुन सम्पूर्ण कालिका नगरपालिकाबासी आमा, बुवा, दाजुभाई, दिदिबहिनी, राजनैतिक दल, टोल विकास समितिहरु, नागरिक समाज, विज्ञ, बुद्धिजिवी, शिक्षक, सरकारी एवं गैरसरकारी संघ/संस्था, सञ्चारमाध्यम र सञ्चारकर्मी, व्यवसायी, विभिन्न पेशाकर्मी, करदाता तथा आम नागरिक लगायत सरोकारवाला सबैमा कालिका नगरपालिकाको राजश्व परामर्श समितिको मिति २०८३/०२/०८ गतेको निर्णयानुसार सादर अनुरोध छ।

.............

ऋषि प्रसाद कँडुवाल

(वरिष्ठ लेखा अधिकृत)